#नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, फागुन ८ गते २०४६ साल ( संख्या ४४

## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

**नेपाल गुणस्तर (प्रमाण चिह्न) (पहिलो संशोधन) नियमावली, २०४६**

नेपाल गुणस्तर (प्रमाण चिह्न) नियमावली, २०४० लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल गुणस्तर (प्रमाण चिह्न) (पहिलो संशोधन) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. नेपाल गुणस्तर (प्रमाण चिह्न) नियमावली, २०४० को नियम २ मा संशोधनः

नेपाल गुणस्तर (प्रमाण चिह्न) नियमावली, २०४० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः–

"(च) "प्रमाणपत्र" भन्नाले नियम ९ बमोजिमको गुणस्तरको प्रमाणपत्र सम्झनुपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएको छः–

"(८) परिषद्‌का सदस्यहरू, गुणस्तर सम्बन्धी समिति वा उप-समितिका सदस्यहरू र आमन्त्रित व्यक्तिहरूले बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता परिषद्‌ले समय समयमा तोकिदिए बमोजिम हुनेछ ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को उप-नियम (१) मा रहेका "पदार्थ वा प्रक्रियाको" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवाको" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ मा रहेका "पदार्थ वा प्रक्रियाको" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवाको" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उप-नियम (१) मा रहेका "पदार्थ वा प्रक्रियाको" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवाको" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को,–

(१) उपनियम (१) मा रहेका "उत्पादक, निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले" भन्ने शब्दहरूको सट्टा "उत्पादक वा निर्माताले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) प्रमाण चिह्न प्रयोग गर्न व्यवहारिक नहुने कुनै पदार्थ वा प्रक्रिया वा सेवाको सम्बन्धमा प्रमाणपत्र लिन चाहने उत्पादक, निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले अनुसूची–२ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।"

८. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को,–

(१) शीर्षकमा रहेको "प्रारम्भिक" भन्ने शब्द झिकिएको छ ।

(२) उपनियम (१) मा रहेको "प्रारम्भिक" भन्ने शब्द झिकिएको छ ।

(३) उपनियम (१) को खण्ड (क) मा रहेका "पदार्थ वा प्रक्रिया" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवा" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६८

(४) उपनियम (२) मा रहेका "प्रारम्भिक जाँचको लागि" भन्ने शब्दहरूको सट्टा "जाँचबुझको लागि" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपनियम (३) मा रहेको "प्रारम्भिक" भन्ने शब्द झिकिएको छ ।

९. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :–

"९. इजाजतपत्र वा प्रमाणपत्र दिनेः नियम ८ बमोजिम जाँचबुझ गरिसकेपछि कार्यालयले परिषद्ले तोकिदिए बमोजिमको दस्तूर लिई दरखास्तवालालाई सम्बन्धित पदार्थ वा प्रक्रियामा गुणस्तर प्रमाण चिह्न प्रयोग गर्न पाउने गरी अनुसूची–३ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ र गुणस्तर प्रमाण चिह्न प्रयोग गर्न व्यवहारिक नहुने पदार्थ वा प्रक्रिया वा सेवाको हकमा परिषद्ले तोकिदिएको ढाँचामा गुणस्तरको प्रमाणपत्र दिन सक्नेछ ।"

१०. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० मा रहेका "पदार्थ वा प्रक्रियाको" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवाको" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को खण्ड (ख) मा रहेका "पदार्थ वा प्रक्रियाको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवाको सम्बन्धमा आदेशमा तोकिएको अवधिपछि" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को उपनियम (३) मा रहेका "अवधि समाप्त हुनुभन्दा अगावै" भन्ने शब्दहरूको सट्टा "अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै" भन्ने शब्दहरू राखिएका छन् ।

१३. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को उपनियम (१) मा रहेका "उत्पादन गरिने ठाउँ" भन्ने शब्दहरूपछि "प्रक्रिया चालू रहेको ठाउँ, सेवा प्रदान गरिने ठाउँ" भन्ने शब्दहरू थपिएका छन् ।

१४. मूल नियमावलीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ को,–

(१) उपनियम (१) को,–

(क) खण्ड (क) मा रहेका "वा प्रक्रिया" भन्ने शब्दहरूको सट्टा "प्रक्रिया वा प्रदत्त सेवा" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८५

(ख) खण्ड (ख) मा रहेका "पदार्थ वा प्रक्रियाको" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवाको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "पदार्थ वा प्रक्रियाको" भन्ने शब्दहरूको सट्टा "पदार्थ, प्रक्रिया वा सेवाको" भन्ने शब्दहरू राखिएका छन्।

१५. मूल नियमावलीको अनुसूची–२ मा संशोधनः मूल नियमावलीको अनुसूची–२ को सट्टा यसैसाथ संलग्न अनुसूची–२ राखिएको छ।

१६. मूल नियमावलीको अनुसूची–३ मा संशोधनः मूल नियमावलीको अनुसूची–३ को सट्टा यसैसाथ संलग्न अनुसूची–३ राखिएको छ।

अनुसूची–२

(नियम ७ को उपनियम (२) संग सम्बन्धित)

नेपाल गुणस्तर प्रमाणपत्रको निमित्त दरखास्त

नेपाल गुणस्तर कार्यालय

... ... ... ...

काठमाडौं, नेपाल।

महाशय,

... ... ... ... ... ... ... (ठाउँ) मा ... ..........को नामले उद्योग व्यवसाय गर्ने म।हामी निम्न विवरणको पदार्थ। प्रक्रिया। सेवाको सम्बन्धमा गुणस्तर प्रमाणपत्र लिनको लागि निवेदन गर्दछु। गर्दछौं।

(१) पदार्थको विवरणः–

नामः–

किसिमः–

नाप।परिमाणः–

ग्रेडः–

तौलः–

(२) प्रक्रियाको विवरणः–

किसिम :–

ग्रेड :–

अन्यः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६०
मुद्रण विभाग, सिंहदरबार

(३) सेवाको विवरण:–

किसिम:–

ग्रेड:–

अन्य:–

(४) सम्बन्धित गुणस्तरहरू सम्बन्धी विवरण

....................

(५) उपरोक्त पदार्थ।प्रक्रिया।सेवा सम्बन्धी आँकडाहरू निम्न बमोजिम छन्:–

गत वर्ष २० ..........देखि २० ................. सम्म

उत्पादित पदार्थ परिमाण ....................... उत्पादित

पदार्थबाट आर्जन गरेको रकम ..................... रूपैयाँ ।

प्रक्रियाबाट आर्जन गरेको रकम ...................... रूपैयाँ ।

प्रक्रिया प्रचलनको स्थिति :– ..................

सेवाबाट आर्जन गरेको रकम :– ................ रूपैयाँ ।

(६) उक्त पदार्थ। प्रक्रिया । सेवा सम्बन्धित गुणस्तर बमोजिमको छ भनी निश्चित गर्न :–

मेरो।हाम्रो निरीक्षण तथा परीक्षण आयोजना (स्किम) केही छ। छैन, आवश्यक परेमा कार्यालयले सिफारिश गरे अनुसारको निरीक्षण तथा परीक्षणको आयोजना (स्किम) कार्यान्वयन गर्न तयार छु । छौं ।

उद्योग वा संस्थाको नाम:– ..................

कार्यालय रहेको ठेगाना :– ................

कारखाना रहेको ठेगाना:– ................

दरखास्त दिनेको सही:– ..................

नाम:– ..............

दर्जा:– ..............

मिति:– ..........



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६९

अनुसूची–३
(नियम ६ संग सम्बन्धित)
श्री ५ को सरकार
उद्योग मन्त्रालय
गुणस्तर तथा नापतौल विभाग
नेपाल गुणस्तर कार्यालय

## इजाजतपत्र

इजाजतपत्र संख्याः–

नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७ को दफा ५ को उपदफा २ को खण्ड (क) बमोजिम..............बस्ने श्री ................ ..............लाई मिति .......... देखि लागू गरी देहायका नेपाल गुणस्तर संख्या, शीर्षक र ब्राण्डको पदार्थ। प्रक्रियामा गुणस्तर प्रमाण चिह्न प्रयोग गर्न पाउने गरी यो इजाजतपत्र दिइएको छ।

(क) नेपाल गुणस्तर संख्याः–
(ख) शीर्षकः–
(ग) ब्राण्डहरूः–

१. ... ... ... ... ... ...
२. ... ... ... ... ... ...
३. ... ... ... ... ... ...
४. ... ... ... ... ... ...

सहीः– ....... ...
नामः– ... ... ...
मितिः– ........ दर्जाः– ... ... ...

द्रष्टव्यः–

१. यो इजाजतपत्रको स्याद जारी भएको मितिले तीन वर्षसम्म कायम रहनेछ।
२. यो इजाजतपत्रको स्याद समाप्त हुनुभन्दा कम्तीमा ३० दिन अगावै आवश्यक दस्तूर सहित नवीकरणको लागि कार्यालयमा दरखास्त पेश गर्नु पर्नेछ।
३. यो इजाजतपत्रको स्याद समाप्त भएपछि नवीकरण नगराई गुणस्तर प्रमाण चिह्न प्रगोग गर्नु हुँदैन।
४. यो इजाजतपत्र नवीकरण गरेको व्यहोरा नवीकरण फाराममा उल्लेख गरिनेछ।
५. इजाजतपत्र प्राप्त व्यक्तिले कार्यालयले समय समयमा निर्दिष्ट गरेको निरीक्षण वा परीक्षण प्रणाली अपनाउनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नवीकरण फाराम

| इजाजतपत्र संख्या | नवीकरण मिति | बहाल मिति | | नवीकरण गर्ने अधिकृतको सही र मिति |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |

आज्ञाले,
भुवनेश्वर खत्री
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।